# *असक्षमताहरू भएका व्यक्तिहरूका लागि सेकेण्डरी ट्रान्जिसन योजना निर्देशिका*

मेरिल्याण्ड राज्यको शिक्षा विभाग
प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवा विभाग




**पारगमन प्रक्रिया पोस्ट-स्कूल सफलतामा भविष्यसूचकहरूलाई सेवा दिने प्रमाण-आधारित अभ्यासहरूमा ठोस साबित छ।**

# असक्षमताहरू भएका व्यक्तिहरूका लागि मेरिल्याण्डको सेकेण्डरी ट्रान्जिसन योजना निर्देशिका

© 2016 मेरिल्याण्ड राज्यको शिक्षा विभाग

Marcella E. Franczkowski, सहायक राज्य निरीक्षक, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभागको मार्गदर्शन अन्तर्गत उत्पादित। कृपया यस जानकारीको कुनै पनि प्रतिकृतिमा मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभागको सन्दर्भ समावेश गर्नुहोस्। त्यो शब्द प्रतिलिपि अधिकार कानूनमा बुझिएको हुनाले "निष्पक्ष प्रयोग" नभएको कुनै पनि प्रयोगको लागि अनुमतिको अनुरोध गर्न, यसमा सम्पर्क गर्नुहोस्: मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग, 200 West Baltimore Street, Baltimore, Maryland 21201, 410-767-0249 भ्वाइस।

मेरिल्याण्ड राज्यको शिक्षा विभागले रोजगारीलाई प्रभाव पार्ने कुराहरू वा कार्यक्रम तथा क्रियाकलापहरूमा पहुँच उपलब्ध गराउने मामिलामा जाति, रङ, लिङ्ग, उमेर, राष्ट्रिय मूल, धर्म, अपाङ्गता वा यौनिक झुकावको आधारमा भेदभाव गर्दैन र बोय स्काउटहरू (Boy Scouts) र अन्य निर्दिष्ट युवा समूहहरूलाई समान पहुँच उपलब्ध गराउँछ। विभाग नीतिसँग सम्बन्धित जिज्ञासाहरूका लागि, कृपया एजेन्सी समता अधिकारी, समता प्रत्याभूत तथा अनुपालन कार्यालय, वित्त तथा प्रशासनको सहायक राज्य सुपरिवेक्षकको कार्यालय, मेरिल्याण्ड राज्यको शिक्षा विभाग, 200 West Baltimore Street, Baltimore, Maryland 21201-2595, 410-767-0433 भ्वाइस, 410-767-0431 फ्याक्स, 410-333-6442 TTY/TDD मा सम्पर्क गर्नुहोस्।

Karen B. Salmon, Ph.D.
विद्यालय राज्य निरीक्षक

Brigadier General Warner I. Sumpter, USA, Ret.
राष्ट्रपति, मेरिल्याण्ड राज्य शिक्षा परिषद्

Larry Hogan
गभर्नर

Carol A. Williamson, Ed.D.
शिक्षण तथा अध्ययनको लागि सहायक राज्य सुपरिवेक्षक

Marcella E. Franczkowski, M.S.
सहायक राज्य निरीक्षक
प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

200 West Baltimore Street
Baltimore, Maryland 21201
MarylandPublicSchools.org

# यो निर्देशिका कसरी प्रयोग गर्ने

मेरिल्याण्ड राज्यको शिक्षा विभाग ***असक्षमताहरू भएका व्यक्तिहरूका लागि सेकेण्डरी ट्रान्जिसन योजना निर्देशिका*** ले विद्यार्थी, आमाबुवा/अभिभावक, शिक्षक र सामुदायिक एजेन्सीहरूलाई पारगमन योजना बारे जानकारी उपलब्ध गराउँछ। प्रत्येक विद्यार्थीले पारगमन लक्ष्य र परिणामहरू निजीकृत गरेतापनि, यो निर्देशिकाले सकरात्मक परिणाम प्राप्त गर्न असक्षमता भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA) अन्तर्गत पारगमन प्रक्रियाका आवश्यकताहरूका साथै सिफारिस गरिएका रणनीति तथा संशाधनहरू बारे "प्रारम्भिक" जानकारी उपलब्ध गराउँछ।

यस निर्देशिकाले निम्न शीर्षकहरू बारे विवरणहरू उपलब्ध गराउनेछ:

- पारगमन योजना (IDEA अनुसार रोजगारी र पोस्टसेकेण्डरी शिक्षाका परिणामहरू नेतृत्व गर्ने)
- साझेदारहरूका भूमिकाहरू र संलग्नता
- मेरिल्याण्ड हाइ स्कूल डिप्लोमा र मेरिल्याण्ड हाइ स्कूलको कार्यक्रम पूर्णता प्रमाणपत्रका आवश्यकताहरू
- मेरिल्याण्ड कार्यसम्पादनको सारांश (पहिलेको मेरिल्याण्ड निकास कागजात)
- अधिकार र योग्यता
- वयस्कताको उमेर
- मेरिल्याण्ड वयस्क सेवा निकायहरू
    1. पुनर्सुधार सेवा विभाग (DORS)
    2. विकासात्मक असक्षमता प्रशासन (DDA)
    3. व्यवहारिक स्वास्थ्य प्रशासन (BHA)
    4. श्रम विभाग, इजाजतपत्र तथा नियमन – कार्यबल विकास तथा वयस्क अध्ययन विभाग (DLLR)
- लाभहरू
- पोस्टसेकेण्डरी शिक्षा/असक्षमता सहायता सेवाहरू
- यातायात/यात्रा प्रशिक्षण
- स्वास्थ्य स्याहार
- समुदाय पहुँच
    1. मनोरञ्जन/खाली समय
    2. अभिभावकत्व
    3. सामाजिक सुरक्षा
    4. वित्तीय योजना/विशेष आवश्यकता ट्रस्टहरू/जग्गा योजना
- पारगमन प्रक्रिया: एजेन्सी लिङ्केज

परिशिष्ट A: सिफारिस गरिएको समयरेखा(हरू)

परिशिष्ट B: पोस्टसेकेण्डरी शिक्षा/असक्षमता सहायता सेवाहरू प्रायः सोधिने प्रश्नहरू

परिशिष्ट C: विशिष्ट जनसंख्या/संशाधनहरू

परिशिष्ट D: प्राय: प्रयोग गरिने परिवर्णी शब्द र शब्दावली

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

## पारगमन योजना भनेको के हो?

मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप/विशेष शिक्षा सेवा विभाग ***असक्षमताहरू भएका व्यक्तिहरूका लागि सेकेण्डरी ट्रान्जिसन योजना निर्देशिका*** ले विद्यालयबाट पोस्टसेकेण्डरीका परिणामहरूमा अपाङ्गता भएका व्यक्तिहरूको गतिविधिमा ध्यान केन्द्रित गर्छ। सेकेण्डरी ट्रान्जिसन योजनाको मुख्य तत्व भनेको अनुक्रमिक पारगमनका क्रियाकलाप र सेवाहरू व्यक्ति-केन्द्रित हुन् र व्यक्तिगत शिक्षा कार्यक्रम (IEP) सञ्चालन गर्छ। कलेज, करियर र समुदायको लागि तयारी गरेका विद्यार्थीहरूलाई सफलतापूर्वक हाइ स्कूलबाट निस्किनका लागि, प्रारम्भिक योजना महत्त्वपूर्ण छ। मेरिल्याण्डमा, पारगमन योजना र पारगमन सेवाहरूको डेलिभरी विद्यार्थी 14 वर्षको हुने IEP वर्षको समयमा सुरु हुन्छ।

अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA) ले कानूनको उद्देश्य भनेको "अपाङ्गता भएका सबै बालबालिकालाई उनीहरूका अनुपम आवश्यकताहरू पूरा गर्न र आगामी रोजगारी र स्वतन्त्र जीवनयापनका लागि उनीहरूलाई तयार पार्न डिजाइन गरिएका विशेष शिक्षा र सम्बन्धित सेवाहरूलाई महत्त्व दिने निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा उपलब्ध गराइएको छ भनी सुनिश्चित गर्नु" हो भन्ने कुरा उल्लेख गर्छ। कानूनले विद्यार्थी पोस्टसेकेण्डरीका लक्ष्य र परिणामहरूतर्फ काम गर्ने हुनाले उहाँलाई सहायता गर्न सँगै काम गर्ने शिक्षक, अभिभावक र सामुदायिक एजेन्सीहरूका लागि आवश्यकतालाई तनाव गराउँछ। विद्यार्थीलाई उहाँको पोस्टसेकेण्डरी लक्ष्यहरू पूरा गर्न आवश्यक सीपहरूको प्राप्तिमा उहाँलाई सहायता गर्न पारगमन सेवाहरू उपलब्ध गराउनुपर्छ।

IDEA 2004 ले पारगमन सेवाहरूलाई असक्षमता भएको विद्यार्थीको लागि क्रियाकलापहरूको समन्वित सेटको रूपमा परिभाषित गर्छ जुन:

- परिणाम-मुखी प्रक्रियाभित्र रहन डिजाइन गरिएका हुन्, असक्षमता भएको व्यक्तिको पोस्टसेकेण्डरी शिक्षा; व्यावसायिक शिक्षा; एकीकृत रोजगारी; निरन्तरता तथा वयस्क शिक्षा; वयस्क सेवाहरू; स्वतन्त्र जीवनयापन वा समुदायको सहभागिता सहित विद्यालयबाट पोस्ट-स्कूलका क्रियाकलापहरूमा उहाँको गतिविधि सहज बनाउन उहाँको शैक्षिक तथा प्रकार्यात्मक उपलब्धि सुधार्ने कार्यमा ध्यान केन्द्रित गरिएका छन्;
- व्यक्तिका सबल पक्ष, प्राथमिकता र रूचिहरूमा ध्यान दिँदै उहाँका आवश्यकताहरूमा आधारित छन्; र;
- निर्देशन, सम्बन्धित सेवाहरू, समुदायका अनुभवहरू, रोजगारी र अन्य पोस्ट-स्कूल वयस्क जीवनयापनका उद्देश्यहरूको विकास र उपयुक्त हुँदा, नियमित जीवनयापनका सीपहरू र प्रकार्यात्मक व्यावसायिक मूल्याङ्कनको प्राप्ति समावेश गर्न डिजाइन गरिएका हुन्।

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

# पारगमन योजना

अपाङ्गता भएका विद्यार्थीहरूले विद्यालयमा प्रगति गर्ने र वयस्क संसारमा जीवनको तयारी गर्ने भएकाले पारगमन योजनाको उद्देश्य भनेको उहाँहरूलाई सहायता गर्नु हो। यसमा कलेज, कार्य, यातायात, जीवनयापनका व्यवस्थाहरू, स्वास्थ्य स्याहार र नियमित जीवनयापनको योजना समावेश हुन्छन्। वयस्क क्रियाकलापहरू निम्नमध्ये कुनैको पनि संयोजन हुन सक्छन्:

- स्वयं-निर्धारण र वकालत
- सामुदायिक सहभागिता
- पोस्टसेकेण्डरी शिक्षा
- रोजगारी प्रशिक्षण
- प्रतिस्पर्धात्मक रोजगारी
- स्वतन्त्र जीवनयापन
- वयस्क सेवाका लिङ्केजहरू

विद्यार्थीको भविष्यको लागि पारगमन योजना करियर सचेतना र अन्वेषण क्रियाकलापहरू भएका इलिमेन्टरी स्कूल जस्तै छिट्टै सुरु हुन्छ। औपचारिक पारगमन योजना विद्यार्थी 14 वर्षको हुने वर्षमा IEP प्रक्रियाबाट सुरु हुन्छ र IEP को विकास सञ्चालन गर्छ। आमाबुवा र शिक्षकहरूबाट सहायता पाएका विद्यार्थीहरूले रोजगारी, पोस्टसेकेण्डरी शिक्षा वा रोजगारी प्रशिक्षण र उपयुक्त भएमा, स्वतन्त्र जीवनयापनका क्षेत्रहरूमा पोस्टसेकेण्डरी लक्ष्यहरू पहिचान गर्छन्। यी पोस्टसेकेण्डरी लक्ष्यहरू उमेर उपयुक्त पारगमन मूल्याङ्कनका नतिजाहरूमा आधारित छन्।

### *पारगमन योजना किन आवश्यक छ?*

पारगमन योजना विद्यार्थीलाई विद्यालयबाट वयस्क जीवनमा सरल पारगमन गर्नका लागि आवश्यक सीप तथा सेवााहरू उपलब्ध गराउनेछ भनी सुनिश्चित गर्न डिजाइन गरिएको छ। IEP भएका विद्यार्थीहरूका लागि, सार्वजनिक विद्यालय प्रणाली र गैर-सार्वजनिक विद्यालयहरूले सहयोगी प्रविधि, कार्य प्रशिक्षण, व्यक्तिगत सहायता र IEP टोलीद्वारा उपयुक्त मानिएका अन्य सहायताहरू समावेश हुन सक्ने शैक्षिक सहायताहरू उपलब्ध गराउँछ। विद्यार्थीहरू हाइ स्कूलबाट निस्किएपछि, उनीहरू विद्यालय वर्षबाट उपलब्ध भएतापनि यी सहायताहरू स्वचालित रूपमा प्रदान **गरिँदैन**। (योग्यता र अधिकार बारे खण्ड हेर्नुहोस्)

### *पारगमन योजनामा के समावेश हुन्छ?*

IEP हरू भएका विद्यार्थीहरूले ग्रेजुएसनपछि के गर्छन् भन्ने कुरा उनीहरूले पहिचान गरेर यी लक्ष्यहरूसम्म पुग्न आवश्यक पर्ने सीपहरू, प्रशिक्षण, शिक्षा, र/वा संशाधनहरू बारे विचार गरेपछि पारगमन योजनाको प्रक्रिया हुन्छ। यसमा निम्न पनि समावेश हुन्छन्:

- उपयुक्त वयस्क सेवा एजेन्सीहरू पहिचान गरेर आवेदन दिने।
- भावी कलेज, रोजगारदाता वा सेवा प्रदायकहरूलाई दिन आवश्यक हुने कागजातहरू जम्मा गर्ने।
- विद्यार्थीलाई यी लक्ष्यहरूसम्म पुग्न उचित रूपमा सक्षम बनाउन आवश्यक पर्ने प्रशिक्षण पारगमन
- क्रियाकलाप तथा सहायताहरू निर्धारण गर्ने।

### *पारगमनको योजना कहिले सुरु हुन्छ?*

पारगमन योजना पहिले नै भएन भने विद्यार्थी 14 वर्षको हुँदा सुरु हुन्छ। यो समयमा विद्यार्थीको पोस्टसेकेण्डरी लक्ष्य तथा पारगमन सेवाहरू समावेश हुने औपचारिक पारगमन योजना IEP मा विकास गरेर समावेश गरिएको हुनुपर्छ। यो धेरै अघि भएजस्तो लाग्छ तर विद्यार्थीहरूलाई आफ्नो पोस्टसेकेण्डरी लक्ष्यहरू प्राप्त गर्न मद्दत गर्न आवश्यक हुने सीप र अनुभवहरू प्राप्त गर्नुपरेमा ध्यानपूर्वक योजना गर्न आवश्यक हुन्छ। 14 वर्षको उमेरमा पारगमन योजना सुरु गर्नाले विद्यार्थीलाई उनीहरूको पोस्टसेकेण्डरी लक्ष्यका छनोटहरू अन्वेषण गरेर तिनीहरूलाई पारगमनका अनुभवहरू र प्राप्त गरिएको ज्ञानको आधारमा परिमार्जन वा पारगमन गर्ने समय दिन्छ। यसले पोस्टसेकेण्डरी सेवा तथा समर्थनहरूको आवेदन दिने समय पनि उपलब्ध गराउँछ जस्तै: कलेजमा शैक्षिक सहायता, रोजगार प्रशिक्षण, व्यक्तिगत स्याहार सहायता, अनुदानित हाउजिङ वा अन्य वायस्क सेवाहरू।

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

## साझेदारहरूका भूमिकाहरू र संलग्नता

विभिन्न सरोकारवालाहरूलाई पोस्टसेकेण्डरी लक्ष्यहरूको महत्त्व भएसँगै यसले विद्यार्थीहरूलाई पारगमन प्रक्रियामा समर्थन गर्न र पहिचान गरिएका लक्ष्यहरू हासिल गर्न सहायता गर्छ। सरोकारवालाहरू विभिन्न भूमिका तथा उत्तरदायित्वहरूको साथमा पारगमन योजनामा आउँछन्। यी कुराहरू स्थानीय विद्यालय प्रणालीहरूमा भिन्न हुन सक्छन्।

| साझेदार | भूमिका/उत्तरदायित्वहरू |
|---|---|
| **विद्यार्थी** | ○ पारगमन योजनामा सहभागी हुने<br>○ सबल पक्ष र चुनौतीहरू पहिचान गर्ने<br>○ रूचि र प्राथमिकताहरू व्यक्त गर्ने<br>○ पोस्टसेकेण्डरी लक्ष्यहरू पहिचान गर्ने<br>○ IEP मा पहिचान गरिएका पारगमन क्रियाकलापहरू |
| **आमाबुवा/अभिभावक** | ○ IEP र पारगमन टोलीको योजना बैठकहरूमा सहभागी हुने<br>○ IEP टोलीसँग विद्यार्थीका सबल पक्ष, रूचि र सहायता आवश्यकताहरू साझा गर्ने<br>○ विद्यार्थीलाई अन्य पारगमन साझेदारहरू पहुँच गर्न मद्दत गर्ने<br>○ विद्यार्थीका लक्ष्यहरूको लागि वकालत गर्ने<br>○ जागिरका सम्भावित अवसरहरूका लागि सम्पर्क र नेटवर्कहरू साझा गर्ने<br>○ पारगमन साझेदारहरूलाई पृष्ठपोषण दिने<br>○ पारगमन समयरेखा समीक्षा गरेर आवश्यकता अनुसार समर्थनहरू अनुरोध गर्ने |
| **विद्यालय प्रणाली** | ○ राज्य तथा सामुदायिक एजेन्सीहरूसँग कुराकानी गर्न आमाबुवा/अभिभावकको अनुमति सुरक्षित गर्ने<br>○ पारगमन बारे छलफल गर्दा साझेदारहरूलाई IEP टोलीका बैठकहरूमा आमन्त्रण गर्ने<br>○ आमाबुवा/अभिभावकहरूलाई पुनर्सुधार सेवा विभाग (DORS), विकासात्मक असक्षमता प्रशासन (DDA)र व्यवहारिक स्वास्थ्य प्रशासन (BHA) जस्ता राज्यका एजेन्सीहरूबाट पोस्टसेकेण्डरी सेवाहरूको लागि आवेदन दिन सहायता गर्ने<br>○ विद्यार्थीको IEP मा संकेत गरिएमा प्रमाणिक कार्य वातावरणहरूमा निर्देशन तथा कार्य अनुभवहरू उपलब्ध गराउने<br>○ योग्य विद्यार्थी र सम्भावित रूपमा योग्य विद्यार्थीहरू पहिचान गरिएका छन् भनी सुनिश्चित गर्न र पूर्व-रोजगारी पारगमन सेवाहरू (पूर्व-ETS) प्राप्त गर्न DORS सँग सहकार्यात्मक रूपमा काम गर्ने<br>○ अभिभावकहरूका लागि पारगमन योजनाका पक्षहरूसँग सम्बन्धित जानकारीमूलक बैठकहरू र विद्यार्थीलाई विद्यालय प्रणालीबाट निस्किए बापत सेवाहरू उपलब्ध गराउन सक्ने राज्यका एजेन्सीहरूका लागि आवेदनको प्रक्रिया/समयरेखा उपलब्ध गराउने<br>○ निस्किएपछि विद्यार्थीको प्रगति र स्थिति कागजात गरेर रिपोर्ट गर्ने |
| **मेरिल्याण्ड पुनर्सुधार सेवा विभाग (DORS)** | ○ पारगमन योजनाका बैठकहरूमा सहभागी हुने/सम्भव हुँदा IEP बैठकहरूमा उपस्थित हुने<br>○ रोजगारीको लागि व्यक्तिकृत योजना विकास गर्न योग्य विद्यार्थीहरूको हाइ स्कूलको अन्तिम वर्षअघि उनीहरूसँग काम गर्न सुरु गर्ने<br>○ पोस्टसेकेण्डरी शिक्षा र/वा रोजगारीमा सफल पारगमनको लागि आवश्यक सेवाहरू पहिचान गर्ने<br>○ विद्यार्थीहरूलाई कार्य विकास र रोजगारी सेवाहरूमा सहायता गर्न सामुदायिक पुनर्सुधार प्रदायकहरू (CRPs) सँग सम्झौता गर्ने<br>○ 14-22 उमेरका हाइ स्कूलका योग्य विद्यार्थीहरूलाई जागिर अन्वेषण परामर्श, कार्य-आधारित अध्ययनका अनुभवहरू, स्वयं-वकालत बारे निर्देशन, पोस्टसेकेण्डरी शिक्षामा अवसरको लागि परामर्श र कार्यस्थल तयारी प्रशिक्षणका क्षेत्रहरूमा पूर्व-रोजगारी प्रशिक्षण सेवाहरू (पूर्व-ETS) उपलब्ध गराउने |
| **मेरिल्याण्ड विकासात्मक असक्षमता प्रशासन (DDA)** | ○ पारगमन योजनामा सहभागी हुने<br>○ सेवाहरू योग्य ठहऱ्याउन र यसमाथि पहुँच गर्न विद्यार्थीहरूसँग उचित कागजात छ भनी सुनिश्चित गर्न अन्य पारगमन साझेदारहरूसँग सहकार्य गर्ने<br>○ विद्यालयबाट बाहिर निस्कँदा योग्य व्यक्तिहरूको लागि दीर्घकालिन वित्त व्यवस्था उपलब्ध गराउने<br>○ विद्यालयदेखि वयस्कको संसारमा पारगमन हुन सहायता गर्नको लागि समुदाय सेवा समन्वयक (CCS) सँग सम्झौता गर्ने |

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

| साझेदार | भूमिका/उत्तरदायित्वहरू |
|---|---|
| **वयस्क सेवा प्रदायक, समुदाय पुनर्सुधार प्रदायक (CRPs)** | ○ पारगमन योजनामा सहभागी हुने<br>○ काममा-आधारित अनुभव सहज बनाउन र विद्यालयबाट बाहिर निस्कनुअघि र यसपछि रोजगार विकास र रोजगार प्रशिक्षण उपलब्ध गराउनको लागि विद्यालय प्रणाली र DORS को करार सम्झौतामा प्रवेश गर्ने<br>○ हाइ स्कूल्सबाट निस्कँदा रोजगार विकास र रोजगार प्रशिक्षण उपलब्ध गराउन DORS र DDA ग्राहकहरूको लागि सेवा र सहायताहरू उपलब्ध गराउने |
| **कलेजहरू, पोस्टसेकेण्डरी शिक्षा प्रशिक्षण कार्यक्रमहरू** | ○ कलेज क्याम्पसमा असक्षमता सहायता सेवाहरूसँगको सहकार्यमा आवासहरू पहिचान गर्न र आवश्यकताहरूमा सहायता गर्न विद्यार्थीसँग संलग्न हुने<br>○ क्याम्पस क्रियाकलाप, पाठ्यक्रम र रोजगारीमा सहभागिताको लागि पहुँच र सहायता उपलब्ध गराउने |

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

# मेरिल्याण्ड हाइ स्कूल डिप्लोमा र मेरिल्याण्ड हाइ स्कूलको कार्यक्रम पूर्णता प्रमाणपत्रका आवश्यकताहरू

***मेरिल्याण्ड हाइ स्कूल डिप्लोमा***
***(COMAR 13A.03.02.09 हेर्नुहोस्)***

- मेरिल्याण्ड हाइ स्कूल डिप्लोमा निम्न विद्यार्थीलाई पुरस्कृत गरिनेछ:

    a. नामांकन, क्रेडिट र सेवा आवश्यकताहरू पूरा गर्ने।
    b. स्थानीय विद्यालय प्रणालीहरूले राज्यद्वारा न्यूनतम उल्लेख गरिएको बाहेकका स्थापना गरिएका आवश्यकताहरू पूरा गर्न प्रोत्साहनको रूपमा डिप्लोमामा विद्यार्थीहरूको लागि अतिरिक्त क्रेडिट आवश्यकताहरू स्थापना गर्न वा अनुमोदनहरू थप्न सक्छन्।

- थप जानकारीको लागि, यस वेबसाइटमा जानुहोस्: http://www.marylandpublicschools.org/programs/Documents/Testing/GraduationsRequirements2018.pdf

***मेरिल्याण्ड हाइ स्कूल कार्यक्रम समापन प्रमाणपत्र***
***(COMAR 13A.03.02.09E हेर्नुहोस्)***

- मेरिल्याण्ड हाइ स्कूल कार्यक्रम समापन प्रमाणपत्र डिप्लोमाका लागि आवश्यकताहरू पूरा गर्न नसक्ने तर निम्न मानकहरू पूरा गर्ने असक्षमता भएका विद्यार्थीहरूलाई मात्र पुरस्कृत गरिनेछ:

    a. विद्यार्थीलाई ग्रेड 8 वा यसको उमेर बराबर बाहेक कम्तीमा 4 वर्षसम्म शिक्षा कार्यक्रममा नामांकित गरिन्छ र निम्न सहित तर यसमा मात्र सीमित नभएका कार्यको संसारमा प्रविष्ट गर्न, नागरिकको रूपमा कार्य गर्न र भरीपूर्ण जीवनको मजा लिनको लागि विकास गरिएका व्यक्तिका उचित सीपहरू हुनको लागि अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरूको सम्झौतामा IEP टोलीद्वारा निर्धारण गरिन्छ।

        - फाइदाजनक रोजगारी;
        - पोस्ट-सेकेण्डरी शिक्षा र प्रशिक्षण;
        - समर्थित रोजगारी; र
        - समुदायमा एकीकृत हुने अन्य सेवाहरू; वा

    b. विद्यार्थीलाई ग्रेड 8 वा यस उमेर बराबर बाहेक 4 वर्षसम्म शिक्षा कार्यक्रममा नामांकन गरिन्छ र अर्को विद्यालय वर्षको पहिलो दिनअघि 21 वर्ष उमेर पुग्नुहुनेछ।

- विद्यार्थीका सीपहरू उल्लेख गर्ने मेरिल्याण्ड हाइ स्कूल कार्यक्रम समापन प्रमाणपत्रले सहायता गर्नेछ।

- असक्षमता भएका विद्यार्थीहरूलाई पुरस्कार दिने अन्तिम निर्णय हाइ स्कूलमा विद्यार्थीको पछिल्लो वर्षको सुरुवातपछि नभएसम्म मेरिल्याण्ड हाइ स्कूल कार्यक्रम समापन प्रमाणपत्रले गराउनेछैन।

- विद्यार्थी निम्न भएमा गम्भीर संज्ञानात्मक असक्षमता भएका विद्यार्थीले हाइ स्कूल ग्रेजुएसनका आवश्यकताहरू पूरा गर्न सक्दैन।

    a. वैकल्पिक शैक्षिक मानदण्डहरू उपलब्धि मानकहरूको आधारमा वैकल्पिक मूल्याङ्कन (AA-AAAS) मा सहभागी हुने; र
    b. हाइ स्कूलमार्फत वैकल्पिक शैक्षिक उपलब्धि मानकहरूको आधारमा निर्देशन प्राप्त गर्न जारी राख्ने।

- विद्यार्थीले विद्यार्थीको शिक्षा कार्यक्रमको समाप्तिअघि ग्रेजुएसन समारोहमा सहभागिता जनाउनुभयो भने, समारोहमा विद्यालय प्रणालीले डिप्लोमाको सट्टामा विद्यार्थीलाई उपलब्धि प्रमाणपत्र वा अन्य समान शीर्षक भएको प्रमाणपत्र जारी गर्नेछ। (COMAR 13A.03.02.09E(3)

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

## *मेरिल्याण्डको कार्यसम्पादन सारांश (MSOP)*

मेरिल्याण्डले IEP सँगका विद्यार्थीहरूलाई विद्यालयदेखि पोस्ट स्कूल क्रियाकलापहरूमा पारगमन हुनुअघि मेरिल्याण्डको कार्यसम्पादन सारांश (MSOP) उपलब्ध गराउँछ। अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन 2004 को पुनर्अधिकार प्रदान अन्तर्गत MSOP आवश्यक हुन्छ। मेरिल्याण्डमा, यो कागजात विद्यार्थीहरू मेरिल्याण्ड हाइ स्कूल डिप्लोमा वा मेरिल्याण्ड हाइ स्कूल कार्यक्रम समापन प्रमाणपत्र (COMAR 13A.03.02.09E (2) हेर्नुहोस्) बाट बाहिर निस्कनुअघि IEP भएका सबै विद्यार्थीहरूलाई दिइन्छ।

## *मेरिल्याण्डको कार्यसम्पादन सारांश (MSOP) किन महत्त्वपूर्ण छ?*

मेरिल्याण्डको कार्यसम्पादन सारांशले IEP भएका बाहिरिने विद्यार्थीहरूलाई महत्त्वपूर्ण जानकारी उपलब्ध गराउँछ जुन तिनीहरूले विद्यालयदेखि पोस्टसेकेण्डरी क्रियाकलापहरूमा पारगमन भएर जाँदा प्रयोग गर्न सक्छन्। यी क्रियाकलापहरूमा समुदाय पुनर्सुधार प्रदायकहरूद्वारा उपलब्ध गराइएका रोजगारी, पोस्टसेकेण्डरी शिक्षा, समर्थित रोजगारी वा स्वतन्त्र जीवनयापन समावेश हुन सक्छ। MSOP लाई विद्यार्थीको IEP को भागको रूपमा निर्माण गरिनेछ र जम्मा गरिएका जानकारी विद्यार्थी, परिवार र IEP टोलीको इन्पुटको आधारमा हुन्छ।

MSOP ले साना वयस्कका सीप, सबलता र उहाँलाई सफल हुन आवश्यक हुने कुनै पनि सहायता बारे रोजगारदाता, पोस्टसेकेण्डरी शिक्षा संस्था र वयस्क सेवा प्रदायकका अर्थपूर्ण जानकारी उपलब्ध गराउन सक्छ। मेरिल्याण्डको कार्यसम्पादनको सारांशमा चार वटा भाग छन्। प्रत्येक भाग तल सूचीबद्ध गरिएको छ।

भाग 1 - पृष्ठभूमि जानकारी
भाग 2 - विद्यार्थीको पोस्टसेकेण्डरी लक्ष्यहरू
भाग 3 - कार्यसम्पादन सारांश (शैक्षिक, संज्ञानात्मक र प्रकार्यात्मक स्तरहरू)
भाग 4 - पोस्टसेकेण्डरी लक्ष्यहरू लक्ष्यहरू प्राप्त गर्न सिफारिसहरू

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

# अधिकार र योग्यता

सार्वजनिक शिक्षाको अधिकार र वयस्क सेवाहरूको योग्यताबीचको भिन्नताको बुझाइ अति भ्रामक हुन सक्छ। मेरिल्याण्डमा, विशेष शिक्षा सेवा प्राप्त गर्ने असक्षमता भएका साना वयस्क विद्यालय वर्षमार्फत निःशुल्क, उचित सार्वजनिक शिक्षाको हकदार हुनुहुन्छ जसमा उहाँहरू 21 वर्ष उमेर पुग्नुभएको वा मेरिल्याण्ड हाइ स्कूल डिप्लोमा वा मेरिल्याण्ड हाइ स्कूल कार्यक्रम समापन प्रमाणपत्रका आवश्यकताहरू पूरा गर्नुहुन्छ। यी सेवाहरू व्यक्तिकृत शिक्षा कार्यक्रम (IEP) टोलीद्वारा निर्धारण गरे अनुसार विद्यार्थीको IEP मा कागजात गरिन्छ र स्थानीय विद्यालय प्रणालीद्वारा वित्त व्यवस्था मिलाइन्छ। मेरिल्याण्ड हाइ स्कूल डिप्लोमा वा मेरिल्याण्ड हाइ स्कूल कार्यक्रम समापन प्रमाणपत्र भएको विद्यालय प्रणालीबाट बाहिर निस्कने विद्यार्थी सेवाहरूमा अब उपरान्त हकदार हुनुहुन्न। यो बिन्दुमा व्यक्तिहरूले आफू तिनीहरूलाई प्राप्त गर्न योग्य भएको वा नभएको कुरा हेर्न वयस्क सेवाहरूमा आवेदन दिनुपर्छ। योग्यता मापदण्डहरू पूरा गर्नुको साथै, वयस्क सेवा एजेन्सीहरू (उदाहरण, DORS, DDA र BHA) का सेवा र सहायताहरू प्राप्त गर्न वित्त व्यवस्था उपलब्ध हुनुपर्छ। तलको चित्रपट हर्नुहोस्।

| **अधिकार**<br>**विद्यालयमा नामांकन गर्दा** | **योग्यता (ADA र खण्ड 504)**<br>**विद्यालयबाट निस्केपछि वा 21 वर्षको उमेर भएपछि** |
|---|---|
| अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA) असक्षमता भएका विद्यार्थीहरूलाई निःशुल्क र उचित प्राइमरी र सेकेण्डरी शिक्षाको ग्यारेन्टी दिन अभिप्रेरित भएको "अधिकार" कानून हो। | असक्षमता भएका अमेरिकीहरू ऐन (ADA) पहुँच बारे छ। खण्ड 504 र ADA को लक्ष्य भनेको अवरोधहरू हटाउने र उचित आवासहरूको ग्यारेन्टी दिने हो। असक्षमता भएका व्यक्तिहरू अभिभावक वा परिवारको नभइ सम्पर्कको एकल बिन्दु बन्नुहुन्छ। |
| • निःशुल्क, उचित सार्वजनिक शिक्षा (FAPE)<br>• न्यूनतम प्रतिबन्धित वातावरण (LRE)<br>• विशेष किसिमले डिजाइन गरिएको निर्देशन (SDI)<br>• सम्बन्धित सेवाहरू<br>• अतिरिक्त शिक्षा, रोजगारी र स्वतन्त्र जीवनयापनको तयारी<br>• सेवाहरूमा हकदार छन् जसले विद्यार्थीहरूलाई विद्यालयमा सफल हुन मद्दत गर्नेछ।<br>• सेवाहरूलाई विद्यालय प्रणालीमार्फत पहुँच गरिन्छ। | • पोस्टसेकेण्डरी सेवाहरूको योग्यता ग्यारेन्टी दिइन्न<br>• व्यक्तिहरू सेवाहरूको लागि योग्य ठहरिनुपर्छ<br>• सेवाहरू वित्त व्यवस्था र उपलब्धतामा निर्भर हुन्छ<br>• पोस्टसेकेण्डरी सेवाहरू मात्र सुनिश्चित छन्<br>• व्यक्तिहरूलाई बराबर पहुँच उपलब्ध गराइन्छ<br>• सेवाहरू प्राप्त गर्ने उत्तरदायित्व व्यक्ति/अभिभावक/आमाबुवामा हुन्छ<br>• सेवाहरू उपलब्ध गराउनको लागि पर्याप्त कर्मचारी, सुविधामा क्षमता र/वा अनुदानहरू भयो भने सेवाहरू उपलब्ध गराउन सकिन्छ<br>• आवासहरू प्राप्त गर्न स्वयं-वकालत आवश्यक हुन्छ |

### *वयस्कताको उमेर*

वयस्कताको उमेर भनेको वयस्कताका सबै अधिकार तथा उत्तरदायित्वहरूसँग कुन व्यक्तिलाई वयस्क मानिन्छ भन्नेमा कानूनी रूपमा परिभाषित गरिएको उमेर हो। *वयस्कताको उमेर* शब्द प्रयोग हुँदा, यसले सामान्यतया व्यक्ति वयस्क मानिने उमेर भएको अवस्थालाई जनाउँछ। मेरिल्याण्डमा, उक्त उमेर 18 हुन्छ। उमेर 18 पुग्नभन्दा कम्तीमा एक वर्ष पहिले, व्यक्तिलाई IDEA अन्तर्गतका उनीहरूका अधिकारहरू सूचित गर्नुपर्छ। मेरिल्याण्डमा, शैक्षिक निर्णय बनाउने कार्य सीमित परिस्थितिहरूमा बाहेक वयस्कताको उमेरमा असक्षमता भएका विद्यार्थीलाई स्वचालित रूपमा स्थानान्तरण गरिँदैन। (शैक्षिक धारा §8-412.1, मेरिल्याण्डको आचार नीति)

### *मेरिल्याण्ड राज्य वयस्क सेवा एजेन्सीहरू*

निम्न खण्डले चार राज्य एजेन्सीहरू बयान गर्छ जसले योग्य व्यक्तिहरूको लागि सेवा वा सहायताहरू उपलब्ध गराउन सक्छन्। व्यक्तिहरू प्रत्येक एजेन्सीको लागि विशेष योग्यता मापदण्ड पूरा गर्नुपर्छ। चार राज्य एजेन्सीहरू र तिनीहरूको योग्यता मापदण्डहरूको संक्षिप्त सारांश उपलब्ध गराइन्छ।

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

# मेरिल्याण्ड राज्यको युवा सेवा निकायहरू: DORS

| निकायको नाम र विवरण | निकायसम्बन्धी जानकारी |
|---|---|
| **पुनर्सुधार सेवा विभाग (DORS)** | http://www.dors.maryland.gov/ |
| **यो निकायले के गर्छ?** मेरिल्याण्ड पुनर्सुधार सेवा विभाग (DORS) सबै रोजगारी बारे छ। तपाई काम गर्न चाहनुहुन्छ भने, DORS ले तपाईंलाई मद्दत गर्न चाहन्छ! DORS ले हाइ स्कूल विद्यार्थी, कलेजका विद्यार्थी र कार्यको लागि तयार अन्य स्वीकृत कार्यक्रमका विद्यार्थीहरूलाई मद्दत गर्छ। DORS ले असक्षमता भएका मानिसहरूलाई रोजगारी फेला पार्न पनि मद्दत गर्छ। तपाई काम गर्न चाहनुहुन्छ र तपाईंलाई रोजगारी फेला पार्न वा यसमा राख्न कठिन बनाउने असक्षमता छ भने, DORS तपाईंलाई मद्दत गर्नको सक्षम हुन सक्छ।<br><br>DORS ले रोजगारीको लागि तयारी कागजातीकरण गरिएका अपाङ्गता भएका युवालाई मद्दत गर्न दुईवटा विशेष कार्यक्रमहरू प्रस्ताव गर्छ:<br>● कम्तीमा 14 वर्ष उमेरको, कम्तीमा हाइ स्कूलमा भएको र 21 वर्ष उमेरभन्दा धेरै नभएका विद्यार्थीहरूको लागि पूर्व-रोजगारीको पारगमन सेवाहरू। थप जानकारीको लागि, यस वेबसाइटमा जानुहोस्: http://dors.maryland.gov/Brochures/Pre-ETS_Fact_Sheet.pdf.<br>● हाइ र विद्यालय बाहिरको अर्को अन्तिम वर्षका हाइ स्कूलका विद्यार्थीहरूको लागि व्यवसायिक पुनर्सुधार सेवामा युवा पूर्व-रोजगारी पारगमन सेवाहरू बाहेक अतिरिक्त व्यावसायिक पुनर्सुधार सेवाहरूको लागि योग्य हुन सक्नुहुन्छ। एउटाले आवेदन दिनुपर्छ र व्यावसायिक पुनर्सुधार सेवाहरूको लागि योग्य हुनुपर्छ। यी सेवाहरूको लागि प्रतीक्षा सूची हुन सक्छ।<br><br>DORS मा मेरिल्याण्डका प्रत्येक पब्लिक हाइ स्कूलमा नियुक्त गरिएका पारगमन परामर्शदाताहरू छन् र विशेषगरी रोजगारीको लागि उनीहरूलाई तयार गर्ने गम्भीर अपाङ्गता भएका विद्यार्थीहरूसँग कार्य गर्छ। DORS पारगमन परामर्शदाताहरूले विद्यालयदेखि पोस्ट-सेकेण्डरी शिक्षा वा रोजगारीमा सरल पारगमन सुनिश्चित गर्नमा मद्दत गर्नको लागि पारगमन योजनामा सहायता गर्न सेवाहरू (जस्तै करियर परामर्श र निर्णय लिने, सहायक प्रविधि, रोजगारी तयारी, पोस्ट-सेकेण्डरी शिक्षा सहायता, रोजगारी स्थान नियोजन र रोजगारी प्रशिक्षण सेवाहरू) को लागि दुवै उपलब्ध गराउन र व्यवस्था मिलाउन विद्यालयमा योग्य विद्यार्थीहरूको अन्तिम 2 वर्षको अवधिमा उहाँहरूसँग काम गर्नुहुन्छ।<br><br>**कहिले आवेदन दिने:** तपाईंको हाइ स्कूलको पहिलो वर्षभित्र नै DORS विद्यार्थी सेवाहरूमा जोडिन र तपाईंको हाइ स्कूलको अन्तिम दुई वर्षमा अतिरिक्त सेवाहरूको लागि आवेदन दिन सुनिश्चित हुनुहोस्। योग्यता प्राप्त विद्यार्थीहरू कम्तीमा हाइ स्कूलमा हुँदा 14 वर्ष उमेरभित्र नै पूर्व-रोजगारी पारगमन सेवाहरू अनुरोध गर्न सक्नुहुन्छ। विद्यार्थीहरूलाई आफ्नो हाइ स्कूलको अन्तिम वर्षको नजिकै फलमा DORS मार्फत व्यवसायिक विद्यालयको लागि आवेदन दिन सिफारिस गरिन्छ। योग्य भएमा, व्यवसायिक पुनर्सुधार सेवाहरू व्यक्तिलाई अब उपरान्त विद्यार्थी नमानेपछि उपलब्ध हुन सक्छ। विद्यार्थीहरूको हाइ स्कूलको अन्तिम दुई वर्षको अवधिमा उनीहरूसँग काम गर्नाले DORS पारगमन परामर्शदाताहरूलाई पारगमन योजना उपलब्ध गराउन र विद्यालयदेखि पोस्ट-सेकेण्डरी शिक्षा वा रोजगारीमा सरल पारगमन सुनिश्चित गर्नमा मद्दत गर्न पर्याप्त समय दिन्छ। | **कसले सेवाहरू प्राप्त गर्न सक्छ?** DORS सेवाहरूको लागि योग्य हुनको लागि, तपाईंलाई आफ्नो काम गर्ने क्षमतालाई गम्भीरतापूर्वक प्रभाव पार्ने शारीरिक वा मानसिक असक्षमता हुनुपर्छ र तपाईंलाई रोजगारी प्राप्त गर्न जारी राख्नको लागि रोजगार पुनर्सुधार सेवाहरू आवश्यक हुनुपर्छ। तपाईंले पूरक सुरक्षा आम्दानी (SSI) र/वा सामाजिक सुरक्षा असक्षमता बीमा (SSDI) प्राप्त गर्नुहुन्छ भने, तपाईंलाई DORS सेवाहरूको लागि योग्य मानिन्छ। DORS योग्यता र चयनको अर्डर सम्बन्धित थप जानकारीको लागि कृपया यहाँ जानुहोस्: https://dors.maryland.gov/consumers/Pages/eligibility.aspx<br><br>**सेवाहरू कसरी सुरु गर्ने:** तल सूचीबद्ध गरिएका तपाई वा कोही व्यक्ति आफ्नो DORS कार्यालयमा फोन गर्न वा अनलाइनमा एजेन्सी वेबसाइटको सिफारिस फाराम पूरा गर्न सक्नुहुन्छ:<br>● अभिभावकीय विद्यालय कर्मचारी, अभिभावकको सहमति।<br>● अभिभावकहरू वा अन्य पारिवारिक सदस्यहरू।<br>● सेवा प्रदायकहरू।<br><br>http://www.dors.maryland.gov/consumers/Pages/referral.aspx |

# मेरिल्याण्ड राज्यको युवा सेवा निकायहरू: DDA

<table>
<tr><th>निकायको नाम र विवरण</th><th>निकायसम्बन्धी जानकारी</th></tr>
<tr><td>विकासात्मक असक्षमता प्रशासन (DDA)</td><td>https://dda.health.maryland.gov/Pages/dda.aspx</td></tr>
<tr><td>यो निकायले के गर्छ? विकासात्मक असक्षमता प्रशासन (DDA) ले समन्वय गरिएको सेवा डेलिभरी प्रणाली उपलब्ध गराउँछ जसकारण विकासात्मक असक्षमता भएका मानिसहरूले प्रतिस्पर्धात्मक रोजगार प्राप्त गर्ने र कायम राख्ने सहित उनीहरूको पूर्ण एकीकरणको लक्ष्यमा उन्मुख उपयुक्त सेवाहरू प्राप्त गर्छन्। DDA को समुदाय-आधारित सेवा डेलिभरी प्रणालीमा योग्य मानिसहरूलाई Medicaid राज्य योजना, वेभर सेवाहरू कार्यक्रम वा DDA राज्य अनुदान सेवाहरूमार्फत उपलब्ध गराइएको विभिन्न घर र समुदायमा आधारित सेवा र समर्थनहरू समावेश हुन्छन्।<br><br>कहिले आवेदन दिने: तपाईं DDA सेवाहरूमा कुनै पनि समयमा र कुनै पनि उमेरमा आवेदन दिन सक्नुहुन्छ। तपाईं कुनै पनि DDA सेवाहरू प्राप्त गर्न DDA मा योग्य ठहरिएको हुनुपर्छ। तपाईं विशेषगरी TY सेवाहरूको लागि आवेदन दिँदै हुनुहुन्छ भने, तपाईं 14 वर्षको उमेरको हुँदा सर्भिसिङ DDA क्षेत्रीय कार्यालयलाई सम्पर्क गर्नुहोस्। तपाईंलाई आफ्नो योग्यता निर्धारण गर्नको लागि आवेदन अद्यावधिक वा पूरा गर्न सहायताको लागि अनुरोध गर्न सक्नुहुन्छ। सबै DDA वेभर आवेदनहरू वित्त व्यवस्थाको लागि मानिने योग्यताको वर्षको जुन 30 सम्म पूरा गर्नुपर्छ। पारगमनको मिति 21औं जन्मदिनपछि छ भने, व्यक्ति हाइ स्कूलबाट निस्केको वा ग्रेजुएट गरेको मितिपछि एक वर्षसम्म योग्य हुनेछ। पछि पेश गरिएका आवेदनहरू प्रतिक्षा सूचीमा राखिनेछ। आवेदनहरू www.dda.health.maryland.gov/Documents/dda_ea_application_updated.pdf मा अनलाइनमा पनि उपलब्ध हुन्छन्।</td><td>कसले सेवाहरू प्राप्त गर्न सक्छन्? DDA द्वारा वित्त व्यवस्था गरिएको सेवाहरू हकदार छैन। पारगमन युवा (TY) को लागि वित्त व्यवस्था सेवाहरू DDA को तीनवटा संघीय छूट कार्यक्रममध्ये एउटाबाट केही हदसम्म आउँछन्: सामुदायिक पथमार्ग, पारिवारिक सहायता वा सामुदायिक सहायता। छूटहरूले DDA लाई Medicare र Medicaid सेवाहरू (CMS) को लागि संघीय केन्द्रहरूबाट वित्त व्यवस्था गरेर विशेष सेवाहरू उपलब्ध गराउन अनुमति दिन्छ। यसका साथै, गभर्नरको पारगमन युवा पहल (GTYI) ले विद्यालय छोड्दै गरेका योग्य विद्यार्थीहरूका लागि DDA बजेटमा कोषहरू निर्धारित गर्छ। GTYI भनेको DDA र मेरिल्याण्डको पुनर्सुधार सेवा डिभिजन (DORS) बीचको साझेदारीको सहकार्य हो।<br><br>TY पहलको लागि योग्य हुनको लागि, व्यक्तिलाई निम्न मापदण्डको आधारमा विकासात्मक रूपमा असक्षम भएको रूपमा पूर्णरूपमा योग्य पाएको हुनुपर्छ।<br>● मेरिल्याण्ड निवासी<br>● छूट योग्य<br>● 21 वर्षको<br>● गम्भीर दीर्घकालीन असक्षमता भएको जो:<br>  o मानसिक बिमारीको एकमात्र निदान बाहेक अन्य शारीरिक वा मानसिक दुर्बलताले अयोग्य।<br>  o परिणाम स्वरूप व्यक्तिगत रूपमा योजनाबद्ध र समन्वित सेवाहरूको आवश्यकता निम्त्याउँछ।<br>  o परिणाम स्वरूप अनिश्चित कालसम्म जारी राख्ने सम्भावना भएको सेवाहरूको आवश्यकता निम्त्याउँछ।<br>  o परिणाम स्वरूप 22 वर्ष उमेरभन्दा पहिले हुन्छ।<br>  o परिणाम स्वरूप स्वतन्त्र रूपमा जीवन निर्वाह गर्न असमर्थता निम्त्याउँछ।<br>नोट: विकासात्मक असक्षमताको एकमात्र निदानको अर्थ व्यक्ति स्वचालित रूपमा योग्य हो भन्ने हुँदैन।<br><br>थप जानकारीको लागि, आफ्नो क्षेत्रीय कार्यालयमा सम्पर्क गर्नुहोस्:<br>● केन्द्रिय मेरिल्याण्ड (Anne Arundel, Baltimore, Baltimore City, Harford, and Howard मा सेवा पुऱ्याउने) 1401 Severn Street, Baltimore, MD 21230, 410-234-8200<br>● दक्षिणी मेरिल्याण्ड (Calvert, Charles, Montgomery, Prince George’s, र St. Mary’s मा सेवा पुऱ्याउने) 312 Marshall Avenue, Laurel, MD 20707, 301-362-5100<br>● पश्चिमी मेरिल्याण्ड: (Allegany, Carroll, Frederick, Garrett र Washington मा सेवा पुऱ्याउने) 1360 Marshall Street, Hagerstown, MD 21740, 301-362-5100<br>● पूर्वी शोर: (Caroline, Cecil, Dorchester, Kent, Queen Anne’s, Somerset, Talbot, Wicomico र Worcester मा सेवा पुऱ्याउने) 926 Snowhill Road, Building 100, Salisbury, MD 21802 , 410-334-6920</td></tr>
</table>

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

## मेरिल्याण्ड राज्यको युवा सेवा निकायहरू: BHA

| निकायको नाम र विवरण | निकायसम्बन्धी जानकारी |
|---|---|
| **व्यवहारिक स्वास्थ्य प्रशासन (BHA)** | https://bha.health.maryland.gov/pages/index.aspx |
| **यो निकायले के गर्छ?** BHA मानसिक बिमारी भएका र/वा मदिरा र लागू औषधको प्रयोगका समस्याहरू भएका मानिसहरूलाई सेवा पुऱ्याउने मेरिल्याण्ड स्वास्थ्य विभाग (MDH) को भाग हो। स्थानीय व्यवहारात्मक प्रशासन (LBHA) वा मूल सेवा निकाय (CSA) भनिने यसको स्थानीय निकायहरूबाट, निम्न सहित तर यसमा मात्र सीमित नरहेको BHA कोष र प्रशासक कार्यक्रमहरू: मनोरोग अन्तरङ्ग स्याहार, आवासीय उपचार, नियमित तथा तीव्र बहिरङ्ग स्याहार, संकटकालीन सेवा, पुनर्सुधार सेवा, पारिवारिक सहायता, मानसिक बिमारी भएका मानिसहरूका लागि समर्थित आवास र समर्थित रोजगार। विशेषगरी पारगमन-उमेरका युवाका लागि केही कार्यक्रमहरू केही क्षेत्रहरूमा उपलब्ध छन्।<br><br>**कहिले आवेदन दिने:** BHA ले बालबालिका (जन्मदेखि 16 उमेरको) का लागि केही सेवाहरू र 16 वर्षको उमेरबाट सुरु हुने गरी युवा र वयस्क सेवाहरू उपलब्ध गराउँछ। थप जानकारीको लागि, निम्नमा सन्दर्भ गर्नुहोस्: https://mmcp.health.maryland.gov/Pages/home.aspx. | **कसले सेवाहरू प्राप्त गर्न सक्छ?** Medicaid को लागि योग्य भएका मानसिक स्वास्थ्य स्याहारको आवश्यकतामा रहेका मानिसहरू। केही अवस्थाहरूमा, वित्तीय कारणहरूले गर्दा Medicaid को लागि योग्य भएका मानसिक स्वास्थ्यको आवश्यकतामा रहेका मानिसहरू अझै पनि सहायताको लागि योग्य ठहर हुन सक्छन्।<br><br>**कसरी आवेदन दिने:** तपाईं पहिले नै Medicaid मा नामांकित हुनुहुन्छ भने, तपाईंलाई मानसिक स्वास्थ्य सेवाहरूको लागि छुट्टाछुट्टै नामांकन हुन आवश्यक पर्दैन भन्ने कुरालाई ध्यानमा राख्नुहोस्। थप जानकारीको लागि, BHA उपभोक्ता मामिला कार्यालयलाई 410-402-8447 मा वा आफ्नो स्थानीय व्यवहारात्मक प्रशासन (LBHA) वा मूल सेवा निकाय (CSA) मा सम्पर्क गर्नुहोस्। तपाईं मेरिल्याण्ड व्यवहारात्मक स्वास्थ्य अधिकारी संघमा निकायहरूको सूचीकरण फेला पार्न सक्नुहुन्छ। www.marylandbehavioralhealth.org |

## मेरिल्याण्ड राज्यको युवा सेवा निकायहरू: मेरिल्याण्ड श्रम

| निकायको नाम र विवरण | निकायसम्बन्धी जानकारी |
|---|---|
| **कार्यबल विकास तथा युवा अध्ययन कार्यालय, मेरिल्याण्ड श्रम विभाग** | http://labor.maryland.gov |
| **यो निकायले के गर्छ?** कार्यबल विकास युवा सेवा विभागको मेरिल्याण्ड श्रम कार्यालय विभागले शैक्षिक र रोजगार लक्ष्यहरू पहुँच गर्ने युवा वयस्कहरूलाई मद्दत गर्नको लागि कार्यक्रम र सेवाहरू उपलब्ध गराउँछ। मेरिल्याण्ड श्रम स्थानीय अमेरिकाको रोजगार केन्द्र र कार्यबल लगानी बोर्डमार्फत, मेरिल्याण्ड श्रमले करियर परामर्श, प्रशिक्षण, कम्प्युटर पहुँच र अन्य सहायक सेवाहरू उपलब्ध गराउँछ। कार्यबल नवप्रवर्तन र अवसर केन्द्र (WIOA) का वित्त व्यवस्थामार्फत, अमेरिकी रोजगार केन्द्रहरूसँगको सहकार्यमा मेरिल्याण्ड श्रमले रोजगार सेवाहरूको श्रेणी उपलब्ध गराउँछ र कार्यसँग सम्बन्धित प्रशिक्षण र शिक्षा अवसरहरूमा ग्राहकहरूलाई जोड्छ। WIOA ले करियर अन्वेषण र मार्गदर्शनसँग सुरु हुने युवा र युवा वयस्कहरूको लागि उच्च गुणस्तरका सेवाहरू, शैक्षिक प्राप्तिको लागि निरन्तरका सहायता, मागमा पेशाहरूमा सीप तालिमका अवसर, पोस्टसेकेण्डरी शिक्षामा नामांकन र करियरको पाथवेमा उद्योग पहिचान गरिएका पत्यारपत्रहरूको प्राप्ति उपलब्ध गराउने विभागको प्रतिबद्धता पुष्टि गर्छ जसले रोजगार निम्ताउनेछ। | **कसले सेवाहरू प्राप्त गर्न सक्छ?** युवा सेवा डिभिजनले 14 देखि 24 उमेरका असक्षमता भएका वा नभएका युवा वयस्कहरूलाई सेवा पुऱ्याउँछ। वन स्टप करियर सेन्टर्स असक्षमता भएका वा नभएका कुनै पनि उमेरका कामको खोजीमा रहेका मानिसहरूको लागि उपलब्ध छ। करियर अन्वेषण, प्रशिक्षण र काम बारे थप जान्नको लागि, निम्नमा जानुहोस्:<br>• मेरिल्याण्ड श्रम विभागको वेबसाइट http://labor.maryland.gov/county/ मा वा स्थानी अमेरिकी कार्य जागिर केन्द्र फेला पार्नको लागि मेरिल्याण्ड श्रम विभागलाई 410-767-2173 मा कल गर्नुहोस् वा<br>• मेरिल्याण्डको कार्यबल विनिमय वेबसाइट: https://mwejobs.maryland.gov/vosnet/Default.aspx. |

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

## लाभहरू

### *Medicaid* र *Medicaid* छूटहरू

मेरिल्याण्ड स्वास्थ्य विभाग (MDH) ले Medicaid वा चिकित्सा सहायता (MA) को प्रबन्ध मिलाउँछ। दुवै Medicaid र Medicaid छूट कार्यक्रमहरू असक्षमता भएका मानिसहरूको लागि स्वास्थ्य कभरेज, पूरक सहायता, दीर्घकालीन स्याहार र घरमा/सामुदायमा आधारित सहायताहरूको महत्त्वपूर्ण स्रोतहरू हुन सक्छन्।

| लाभ | लाभसम्बन्धी जानकारी |
|---|---|
| **Medicaid** | **Medicaid ले के गर्छ?**<br>● स्वास्थ्य सेवा कभरेज उपलब्ध गराउँछ।<br>● व्यक्तिगत स्याहार सेवाहरूको लागि Medicaid छूट कार्यक्रमहरूको माध्यमबाट अतिरिक्त वित्त व्यवस्था उपलब्ध गराउँछ जस्तै: व्यक्तिगत स्वच्छता र तयार हुने, शौचालय जाने, खाना खाने, कपडा लगाउने, गतिशीलता, घरमा उपलब्ध चिकित्सा स्याहार र चिकित्सा अपोइन्टमेन्टहरूमा पहुँच।<br>**Medicaid को लागि को योग्य छ?**<br>● साधारणतया, निम्न अवस्थामा रहेका व्यक्तिहरू:<br>○ अशक्त<br>○ दृष्टिविहीन<br>○ त्यस बच्चाको लागि स्याहार गर्ने जसको आमाबुवा बेरोजगार, बिरामी हुनुहुन्छ वा मृत्यु भएको छ वा<br>○ कार्यक्रमको आय आवश्यकताहरू पूरा गर्ने।<br>● मेरिल्याण्डमा Medicaid को लागि योग्यता स्थानीय सामाजिक सेवा विभागहरूद्वारा निर्धारित गरिन्छ।<br>● थप जानकारीको लागि, यस वेबसाइटमा जानुहोस्:<br>○ https://mmcp.health.maryland.gov/Pages/Am%20I%20Eligible.aspx<br>● https://www.medicare.gov/manage-your-health/i-have-a-disability |
| **Medicaid छूट कार्यक्रमहरू** | मेरिल्याण्ड Medicaid को गृह र समुदायमा आधारित सेवाहरू "छूटहरू" भनिने नियमित Medicaid कार्यक्रम र विशेष Medicaid कार्यक्रमहरूद्वारा प्रस्तावित गरिन्छ। छूटले असक्षमता भएको बच्चाका आमाबुवाहरूका योग्यता आवश्यकताहरूमा ध्यान दिँदैन र यसले बच्चाको आयमा मात्र हेर्छ। प्रत्येक छूटको भिन्न योग्यता मापदण्ड हुन्छ र प्रत्येकले भिन्न जनसंख्यालाई लक्षित गर्छ, जस्तै वृद्ध वयस्क वा विशेष असक्षमता भएका मानिसहरू।<br>● सेवाहरू हकदार छैनन्।<br>● आवेदन दिन र DDA सेवाहरूको लागि योग्य निर्धारित हुनका निम्ति Maryland निवासी हुनुपर्छ।<br>● व्यक्तिहरूको दुईवटा समूह सेवाहरूका लागि योग्य छन्:<br>○ विकासात्मक असक्षमता भएका व्यक्तिहरू र;<br>○ मानसिक बिमारीको एकमात्र निदान बाहेक अन्य शारीरिक वा मानसिक अवस्थाको कारणले गर्दा भएको गम्भीर, दीर्घकालीन असक्षम भएका व्यक्तिहरू।<br>● https://mmcp.health.maryland.gov/Pages/Am%20I%20Eligible.aspxमा जानुहोस्।<br>● Medicaid छूट कार्यक्रमहरू (समुदायको पहिलो रोजाइ, सामुदायिक विकल्पहरू र चिकित्सकीय व्यक्तिगत सहायता सहित) को बारेमा थप जान्नका लागि, 410-767-1739 मा कल गर्नुहोस् वा http://medicaidwaiver.org/state/maryland.html मा जानुहोस्।<br>गृह तथा समुदायमा आधारित सेवाहरू बारे जानकारीको लागि, https://mmcp.health.maryland.gov/waiverprograms/Pages/Home.aspxमा जानुहोस्। |

**कसरी आवेदन दिने:** Medicaid को लागि आवेदन दिन, मेरिल्याण्ड निवासीहरू आफ्नो काउण्टी वा शहरको सामाजिक सेवा विभागमा जानुहुन्छ। त्यहाँ, उहाँहरूको अन्तर्वार्ता लिइन्छ र उहाँहरू आफ्नो आवेदन पेश गर्नुहुन्छ। प्रश्नहरूको जवाफ दिन, योग्य जाँच गर्न र Medicaid को आवेदन दिनमा सहायता गर्नको लागि, https://medicaid-help.org/Primary-Information मा जानुहोस्।

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

## *असक्षमता भएका मानिसहरूको लागि सामाजिक सुरक्षा प्रशासन लाभहरू*

सामाजिक सुरक्षा असक्षमता बीमा र पूरक सुरक्षा आय असक्षमता कार्यक्रमहरू असक्षमता भएका मानिसहरूलाई सहायता उपलब्ध गराउने विभिन्न संघीय कार्यक्रमहरूमध्ये सबैभन्दा ठूला हुन्। यी दुई कार्यक्रमहरू धेरै तरिकाहरुमा भिन्न-भिन्न भए तापनि, दुवैको प्रबन्ध सामाजिक सुरक्षा प्रशासन (SSA) द्वारा मिलाइन्छ र असक्षमता भएका र चिकित्सकीय मापदण्ड पूरा गर्ने व्यक्तिहरू कुनै पनि कार्यक्रम अन्तर्गत रहेका लाभहरूको लागि योग्य ठहर हुन सक्छन्। अतिरिक्त जानकारी र सामाजिक सुरक्षा लाभहरूको लागि आवेदन दिन वा असक्षमता निर्णयको लागि अपील गर्न सहायताको लागि https://www.disabilitysecrets.com/ मा जानुहोस्।

### *Supplemental Security Income (पूरक सुरक्षा आय, (SSI))*

| प्रश्न | पूरक सुरक्षा आय (SSI) लाभ बारे जवाफहरू |
|---|---|
| **पूरक सुरक्षा आय (SSI) ले के गर्छ?** | पूरक सुरक्षा आय (SSI) कार्यक्रमले सीमित आय र स्रोतहरू भएका अशक्त वयस्कहरू र बालबालिकालाई लाभहरू भुक्तान गर्छ। SSI साधारण कर राजस्व (सामाजिक सुरक्षा करहरू *होइन*) द्वारा वित्त व्यवस्था गरिएको एक संघीय आय पूरक कार्यक्रम हो:<br>• थोरै वा कुनै आय नभएका वृद्धवृद्धि, दृष्टिविहीन र अशक्त मानिसहरूलाई मद्दत गर्न डिजाइन गरिएको<br>• खाद्यान्न, कपडा र आवासको लागि आधारभूत आवश्यकताहरू पूरा गर्न नगद उपलब्ध गराउँछ<br>• अस्पताल बसाइ, चिकित्सक बिल, निर्देशित औषधि र अन्य स्वास्थ्य खर्चहरूको लागि भुक्तान गर्न लाभार्थीहरूको लागि चिकित्सा सहायता (Medicaid) उपलब्ध गराउँछ।<br>SSI लाभार्थीहरू खाद्य सहायताको लागि पनि योग्य हुन सक्छ। |
| **SSI लाभहरूको को योग्य छ?** | • अशक्त; दृष्टिविहीन; वा वृद्ध-वृद्धा (65 र सोभन्दा माथिको); र सीमित आय र सीमित स्रोतहरू भएका व्यक्तिहरू।<br>• वित्तीय योग्यता निर्धारण गर्दा असक्षमता भएका बालबालिका परिवारहरूको आय र सम्पत्तिहरूलाई पनि विचार गरिन्छ।<br>• 18 वर्षको उमेरमा, SSA ले आमाबुवाको आय र सम्पत्तिहरू नभएर व्यक्तिको आय सम्पत्तिहरूलाई पनि विचार गर्छ।<br>• यदि बच्चालाई पहिले नै आयको आधारमा SSI को लागि अस्वीकार गरिएको छ भने, आमाबुवाको आय अब उपरान्त योग्यता प्रयोजनहरूको लागि विचार नगरिँदा उहाँको 18औं जन्मदिनपछि लाभहरूको लागि फेरि आवेदन दिनुहोस्।<br>• पूरक सुरक्षा आय (SSI) प्राप्त गरिरहेका व्यक्तिहरू  चिकित्सा सहायता प्राप्त गर्नको लागि स्वचालित रूपमा योग्य हुन्छन्। |
| **कसरी आवेदन दिने?** | • तपाई बस्ने शहर वा काउण्टीमा रहेको आफ्नो स्थानीय सामाजिक सेवा विभागमा गएर आवेदन दायर गर्नुहोस्।<br>• Https://www.ssa.gov/forms/मामा गएर अनलाइन आवेदन पूरा गर्नुहोस्। असक्षमता लाभहरूको लागि आवेदन दिनुहोस् बटनलाई चयन गर्नुहोस्।<br>• आफ्नो स्थानी सामजिक सेवा विभाग र स्थानीय स्वास्थ्य विभागमा आवेदन प्राप्त गर्नुहोस्। तपाईंलाई 1-800-456-8900 मा कल गरेर पत्राचार गर्न पनि सकिन्छ। |
| **मेरो आवेदन अस्वीकार गरियो भने के हुन्छ?** | • तपाईंको आवेदन हालै अस्वीकार गरिएको हो भने, इन्टरनेट अपील  असक्षमता लाभहरूको लागि तपाईंको योग्यता बारे निर्णयको समीक्षा अनुरोध गर्ने एक सुरुवाती बिन्दु हो।<br>• यदि निम्नको लागि तपाईंको आवेदन अस्वीकार गरियो भने:<br>  ○ चिकित्सकीय कारणहरू, तपाई आवश्यक परेको अपील अनुरोध र अपील असक्षमता रिपोर्ट अनलाइनमा पूरा गर्न र पेश गर्न सक्नुहुन्छ।<br>  ○ गैर-चिकित्सकीय कारणहरू, तपाईंले समीक्षाको लागि अनुरोध गर्न आफ्नो स्थानीय सामाजिक सुरक्षा कार्यालय मा सम्पर्क गर्नुपर्छ। तपाईंले अपीलको लागि अनुरोध गर्न टोल-फ्रि नम्बर, 1-800-772-1213 मा कल गर्न पनि सक्नुहुन्छ। बहिरो वा सुन्नमा कठिनाइ भएका मानिसहरूले टोल-फ्रि TTY नम्बर, 1-800-325-0778 मा कल गर्न सक्नुहुन्छ। |

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

### *Social Security Disability Insurance (सामाजिक सुरक्षा अक्षमता बीमा, (SSDI))*

| प्रश्न | पूरक असक्षमता बीमा (SSDI) लाभ बारे जवाफहरू |
|---|---|
| **पूरक असक्षमता बीमा (SSDI) ले के गर्छ?** | यदि तपाईं "बीमाकृत" हुनुहुन्छ, अर्थात् तपाईंले पर्याप्त लामो समयसम्म काम गर्नुभयो र सामाजिक सुरक्षा करहरू भुक्तान गर्नुभयो भने, सामाजिक सुरक्षा असक्षमता बीमा (SSDI) ले तपाईं वा तपाईंको परिवारको विशेष सदस्यहरूलाई लाभहरू भुक्तान गर्छ। |
| **SSDI लाभहरूको लागि को योग्य छ?** | SSDI को लागि योग्य हुन, व्यक्ति 65 वर्षभन्दा कम उमेरको हुनुपर्छ र सामाजिक सुरक्षा प्रशासनद्वारा निर्दिष्ट गरिए अनुसार योग्यता प्राप्त गम्भीर असक्षमता भएको हुनुपर्छ।<br>● निम्न भएमा, अविवाहित बच्चा आमाबुवाको कामबाट लाभ प्राप्त गर्न योग्य हुन सक्नुहुन्छ:<br>● बच्चा असक्षमता सहित वा बिना 18 वर्षभन्दा कम उमेरको छ; वा<br>● बच्चा 18 देखि 19 वर्ष उमेरको छ र पूर्णकालीन विद्यार्थी हो (ग्रेड 12 भन्दा उच्च होइन); वा<br>● बच्चा 22 वर्षभन्दा अगाडि सुरु हुने असक्षमतासँगै 18 वा सोभन्दा बढी उमेरको छ र वयस्कहरूको लागि असक्षमता परिभाषा पूरा गर्छ। |

## पोस्टसेकेण्डरी शिक्षा/असक्षमता सहायता सेवाहरू

विद्यार्थीहरूले असक्षमता भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA), असक्षमता भएका अमेरिकीहरूको ऐन (ADA) र 1973 को पुनर्सुधार ऐनको खण्ड 504 र तिनीहरूले विद्यार्थीहरूलाई उपलब्ध गराउने प्रावधानहरूबीचको भिन्नता बुझ्न महत्त्वपूर्ण हुन्छ। हाइ स्कूलमा हुँदा, IDEA ले IEP प्रक्रियाको माध्यमबाट शैक्षिक सहायताहरू कसरी उपलब्ध गराइन्छ भन्नेबारे उल्लेख गर्छ। विद्यार्थी कलेज (पोस्टसेकेण्डरी शिक्षा) मा प्रविष्ट गर्दा, ADA र खण्ड 504 ले असक्षमता भएका व्यक्तिहरूको पोस्टसेकेण्डरी शिक्षामा सफल हुने उपयुक्त सुविधाहरू प्राप्त गर्ने अधिकारको ग्यारेन्टी दिन्छ। तलको चित्रपटले हाइ स्कूल र कलेजबीचको भिन्नता सूचीबद्ध गर्छ।

| सेवा क्षेत्र | हाइ स्कूलको लागि | कलेजको लागि |
|---|---|---|
| **कानूनी** | ● अशक्षमता भएका व्यक्तिहरूको शिक्षा ऐन (IDEA) ले असक्षमता भएका विद्यार्थीहरूलाई नि:शुल्क र उपयुक्त शिक्षाको लागि हकदार बनाउँछ।<br>● IDEA भनेको **सफलता** हो। | ● असक्षमता भएका अमेरिकीहरूको ऐन (ADA) र खण्ड 504 ले उपयुक्त सुविधाहरूको ग्यारेन्टी दिन्छ।<br>● ADA भनेको **पहुँच हो।** |
| **आवश्यक परेको कागजात** | ● व्यक्तिगतकरण शिक्षा योजना (IEP)<br>● कागजातले विद्यार्थी IDEA मा विशिष्ट वर्गहरूको आधारमा सेवाहरूको लागि योग्य हुनुहुन्छ वा हुनुहुन्न भनी निर्धारण गर्ने कार्यमा केन्द्रित गर्छन्। | ● हाइ स्कूलको IEP पर्याप्त नहुन सक्छ।<br>● विद्यार्थीहरूलाई आफ्नो खर्चमा मूल्याङ्कन(हरू) प्राप्त गर्न आवश्यक पर्न सक्छ।<br>● कागजातले विशिष्ट उपयुक्त सुविधाहरू बारे जानकारी उपलब्ध गराउनुपर्छ। |
| **वकालत** | ● आमाबुवाहरू आफ्ना बालबालिकाका लागि उपयुक्त सेवा र सहायताहरूको लागि वकालत गर्नमा सक्रियताका साथ संलग्न हुनुहुन्छ।<br>● विद्यालयहरू आमाबुवाहरूलाई पहुँच गर्छन् र IEP टोली प्रक्रियामा उनीहरूको सहभागिता आवश्यक पर्छ।<br>● आमाबुवाहरू आफ्नो बच्चाको शिक्षकहरूसँग नियमित आधारमा सिधै कुरा गर्न सक्नुहुन्छ। | ● विद्यार्थीहरूबाट आफैंलाई समर्थन गर्ने अपेक्षा गरिन्छ। आमाबुवाको संलग्नता सधैं सक्रिय रूपमा खोजिँदैन र कुनै समयमा निरूत्साहित हुन सकिन्छ।<br>● कलेजको संकाय र कर्मचारी विद्यार्थीको सहमति बीना प्रत्यक्ष रूपमा आमाबुवाहरूसँग सामान्यतया कुराकानी गर्नुहुन्न। |
| **व्यक्तिगत शैक्षा कार्यक्रम र सहायताहरू** | ● विद्यार्थी, आमाबुवा(हरू) र विद्यालय डिस्ट्रिक्ट समावेश गर्ने IEP टोलीले, व्यक्तिगत शिक्षा कार्यक्रम (IEP) विकास गरेको छ र सेवाहरूको लागि यो कानूनी कागजात पालना गर्नुपर्छ<br>● अभिभावकको विद्यार्थीका रेकर्डहरूमाथि पहुँच छ र आवास प्रक्रियामा सहभागी हुन सक्छन्। | ● कलेजमा कुनै IEP छैन।<br>● असक्षमता सेवाहरूको कार्यालयले विद्यार्थीद्वारा उपलब्ध गराइएको असक्षमताको कागजातमा आधारित आवास योजना विकास गर्नेछ।<br>● विद्यार्थीले प्रत्येक सेमेस्टरमा कलजको असक्षमता सेवाहरूको कार्यालयमा आवासहरू अनुरोध गर्नुपर्छ।<br>● आमाबुवासँग विद्यार्थीको लिखित सहमतिबीना विद्यार्थीका रेकर्डहरूमाथि पहुँच हुँदैन। |

IDEA  कलेज, व्यापारका विद्यालय वा विश्वविद्यालयहरूमा लागू नहुने भएकोले, विद्यार्थीहरूलाई आफ्ना अधिकार र जिम्मेवारी थाहा पाउन महत्त्वपूर्ण हुन्छ। यो मार्गदर्शनको परिशिष्ट A मा भएको पोस्टसेकेण्डरी शिक्षा आवासहरूको चार्टले पोस्टसेकेण्डेरी शिक्षा संस्थाहरूमा आवास र असक्षमता सेवाहरू बारे केही सामान्य प्रश्नहरूलाई रेखाङ्कित गर्छ।

# यातायात, गतिशीलता र यात्रा निर्देशन

विद्यार्थी र उहाँहरूका परिवारहरूलाई कलेज वा काम जस्ता पोस्टस्कूल सेटिङहरूमा कसरी यात्रा गर्ने भनी योजना बनाउन महत्त्वपूर्ण हुन्छ। विद्यालयमा हुँदा, विद्यार्थीहरू यातायात गर्नको लागि विद्यालयको यातायात, परिवारका सदस्य वा साथीहरूसँग निर्भर रहेको हुन सक्नुहुन्छ। यी समान गतिशीलताका सहायताहरू विद्यार्थीहरूलाई विद्यालय छोडेपछि उपलब्ध नहुन सक्छ। विद्यार्थीहरू अझै पनि विद्यालुमा हुँदा उहाँहरूलाई स्वतन्त्र रूपमा यात्रा गर्ने र यातायातको बारेमा अध्ययन गर्न महत्त्वपूर्ण हुन्छ जसकारण उहाँहरूले विद्यालय छोडेपछि, उहाँहरूसँग आफूलाई जान पर्ने ठाउँको बारेमा ज्ञान र सीपहरू हुन्छ।

पारगमन योजनामा, टोली निम्न कुराहरू गर्न परिवार र विद्यार्थीहरूसँग सहकार्यात्मक रूपमा काम गर्न सक्छन्:

- स्वतन्त्र रूपमा यात्रा गर्ने विद्यार्थीको गतिशीलता र प्रकार्यात्मक क्षमतालाई मूल्याङ्कन गर्न;
- उहाँहरू स्वतन्त्र रूपमा यात्रा गर्दा आवश्यक हुन सक्ने निर्णयहरू लिने, समस्या समाधान गर्ने र सामाजिक मान्यताहरू बुझ्ने संज्ञानात्मक क्षमतालाई मूल्याङ्कन गर्न;
- विद्यार्थीहरूले सामुदायिक यातायातका विकल्पहरू बारे अध्ययन गर्न सक्ने स्थानीय पारगमन निकायहरूमा भेटहरूको तालिका बनाउने;
- यातायात पेशेवरहरूलाईलाई आफ्ना सेवाहरू बारे विद्यार्थीहरूसँग कुराकानी गर्नको लागि भेट्न निमन्त्रणा गर्न;
- विद्यार्थी-केन्द्रित क्रियाकलापहरूबाट उहाँहरूको समुदायमा उपलब्ध हुन सक्ने यातायात सेवाका प्रकारहरूको परीक्षण गर्न;
- स्थानीय यातायातको योजना बनाउने संस्था र पारगमन निकायहरूबाट गतिशीलता विकल्पहरू बारे अध्ययन गर्न;
- विद्यार्थीहरूलाई सार्वजनिक यातायात कसरी प्रयोग गर्ने भनी सिकाउनको लागि यात्रा निर्देशन र यात्रा प्रशिक्षण कार्यक्रमहरू बारे पहिचान गर्न; र;
- विद्यार्थीहरूको लागि एकदमै विस्तृत यातायात विकल्पहरू बारे सोच्न।

यातायातले रोजगार, शिक्षा, स्वास्थ्य स्याहार र मनोरञ्जन जस्ता अवसरहरूमाथि पहुँच उपलब्ध गराउँछ। सवारी साधन नचलाउने वा आफूसँग सवारी साधन उपलब्ध नभएका अपाङ्गता भएका व्यक्तिहरूले वैकल्पिक गतिशीलताका विकल्पहरू बारे विचार गर्नुपर्नेछ। यातायात सेवाहरू राज्य अनुसार फरक हुन्छ। केही योग्य विद्यार्थीहरूको लागि, पाराट्रान्जिट सेवाहरू एकदमै उपयुक्त यात्रा मोड हुन सक्छ। मेरिल्याण्डमा, मेरिल्याण पारगमन अधिकारी गतिशीलता लिङ्क कार्यक्रमले आफ्नो योग्यता निर्धारण गर्न मूल्याङ्कन प्रक्रियाबाट जाने विद्यार्थीहरूलाई ढोकादेखि ढोकासम्मको यातायात सेवाहरू उपलब्ध गराउँछ। अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष रूपमा डिजाइन गरिएको MobilityLink भनेको असक्षमता भएका अमेरिकीहरूको ऐन (ADA) को आवश्यकता हो र अग्रिम सूचना र तालिका आवश्यक पर्छ। यद्यपि, धेरैजसो विद्यार्थीहरूको लागि, विद्यार्थीहरूलाई सहज तरिकाले यात्रा गर्न सक्षम गराउने विस्तृत समुदाय यातायातका विकल्पहरू एकदमै उपयुक्त सेवा हो। पारगम पेशेवर, परिवार र युवा आफैँपनि विद्यार्थीका आवश्यकता र क्षमतासँग पङ्क्तिबद्ध गतिशीलता सेवाहरू निर्धारण गर्न यातायात पेशेवरहरूसँग सँगसँगै काम गर्न सक्छन्।

### *यातायातका स्रोतहरू*

- यातायातहरूको राज्य विभाग र पारगमन प्रशासनहरू भनेको स्थानीय यातायात प्रदायकहरू पहिचान गर्ने मूल्यवान स्रोत हो।
    - मेरिल्याण्ड पारगमन प्रशासन (MTA)
    - मेरिल्याण्डले असक्षमता भएका व्यक्ति वा वृद्ध वयस्कहरूलाई सामुदायिक यातायात प्रयोग गर्नको लागि सक्षम गराउन नि:शुल्क वा घटाइएका भाडा कार्यक्रमहरू प्रस्ताव गर्छ। यी कार्यक्रमहरू बारे जान्न, मेरिल्याण्डको MTA घटाइएको भाडा कार्यक्रममा जानुहोस्: https://mta.maryland.gov/disabled-reduced-fare-program
- केही विद्यार्थीहरूलाई यातायात गर्नको लागि महत्त्वपूर्ण सहायताहरू आवश्यक हुन्छ र सार्वजनिक बस वा ट्रेन (MTA को निश्चित रूट प्रणाली) प्रयोग गरेर स्वतन्त्र रूपमा यात्रा गर्न सक्षम नुहुन सक्नुहुन्छ। MTA MobilityLink (पाराट्रान्जिट) कार्यक्रमको MobilityLink का योग्यता आवश्यकताहरू बारे जान्नुहोस्: https://mta.maryland.gov/mobility।
- ट्याक्सी सेवाहरू केही विद्यार्थीहरूको लागि उपयुक्त हुन सक्छ र बस वा ट्रेनहरू नजाने स्थानहरूमा युवालाई लैजान सक्छ।
    - मेरिल्याण्ड ट्याक्सी सेवाहरू: http://mdod.maryland.gov/transport/Pages/Taxi-Services.aspx
- संघीय स्रोतहरूले राष्ट्रिय वा स्थानीय कार्यक्रमहरू बारे जानकारी उपलब्ध गराउन सक्छ।
    - संयुक्त राज्य अमेरिकाको श्रम विभाग, असक्षमता रोजगार नीतिको यातायात पोर्टलको कार्यालय। अपाङ्गता भएका अमेरिकीहरूको ऐन अन्तर्गत यातायात स्रोत र प्रदायकहरूका जिम्मेवारीहरूलाई हाइलाइट गर्छ। https://www.dol.gov/odep/topics/Transportation.htm
    - संयुक्त राज्य अमेरिकाको यातायात विभाग, संघीय पारगमन प्रशासन। केही संघीय निकायहरूले यातायात सेवा र खर्चहरूलाई समर्थन गर्न सक्छ। पहुँच र गतिशीलताको समन्वय परिषद् (CCAM) बाट यी स्रोतहरूलाई समन्वय गर्ने संघीयको प्रयास बारे अध्ययन गर्नुहोस्। https://www.transit.dot.gov/ccam

© मेरिल्याण्ड राज्यको शिक्षा विभाग, प्रारम्भिक हस्तक्षेप तथा विशेष शिक्षा सेवा विभाग

### *यात्रा निर्देशन*

